رئاسة الشؤون الدينية
بالمسجد الحرام والمسجد النبوي

فَضَائِلُ وَآدَابُ المَسْجِدِ النَّبَوِيِّ وَأَحْكَامُ زِيَارَةِ قَبْرِ النَّبِيِّ ﷺ وَقَبْرَي صَاحِبَيْهِ رَضِيَ اللَّهُ عَنْهُمَا

نيبالي

नेपाली

मस्जिद नबवीको विशेषता र शिष्टाचार तथा नबी (सल्लल्लाहु अलैहि वसल्लम) को कब्र र उहाँका दुई सहाबा (रजियल्लाहु अन्हुमा) हरूको कब्रको जियारत गर्ने नियमहरू

वैज्ञानिक समिति मस्जिद हराम र मस्जिद नबवीका
धार्मिक मामिलाहरूको अध्यक्षतामा

فَضَائِلُ وَآدَابُ المَسْجِدِ النَّبَوِيِّ

وَأَحْكَامُ زِيَارَةِ قَبْرِ النَّبِيِّ ﷺ

وَقَبْرَي صَاحِبَيْهِ رَضِيَ اللهُ عَنْهُمَا

मस्जिद नबवीको विशेषता र शिष्टाचार तथा नबी (सल्लल्लाहु अलैहि वसल्लम) को कब्र र उहाँका दुई सहाबा (रजियल्लाहु अन्हुमा) हरूको कब्रको जियारत गर्ने नियमहरू

اللَّجْنَةُ العِلْمِيَّةُ

بِرِئَاسَةِ الشُّؤُونِ الدِّينِيَّةِ بِالمَسْجِدِ الحَرَامِ وَالمَسْجِدِ النَّبَوِيِّ

वैज्ञानिक समिति

मस्जिद हराम र मस्जिद नबवीको धार्मिक मामिलाको अध्यक्षतामा

بِسْمِ اللهِ الرَّحْمَنِ الرَّحِيمِ

मस्जिद नबवीको विशेषता र शिष्टाचार तथा नबी (सल्लल्लाहु अलैहि वसल्लम) को कब्र र उहाँका दुई सहाबा (रजियल्लाहु अन्हुमा) हरूको कब्रको जियारत गर्ने नियमहरू

प्रस्तावना

समस्त प्रशंसाहरू अल्लाहकै लागि हुन्, जो सम्पूर्ण संसारका पालनकर्ता हुनुहुन्छ। दरूद (कृपा) एवं सलाम (शान्ति) अवतरित होस् सम्पूर्ण जगतको लागि दया स्वरूप पठाइएका (रसूल) माथि, उहाँका समस्त घरपरिवार, सहाबा (साथी) हरू र महाप्रलयको दिनसम्म उहाँको सुन्नत (तरिका) र मार्गदर्शनको अनुसरण गर्ने व्यक्तिहरूमाथि। अम्मा बाद (तत्पश्चात):

यो एउटा संक्षिप्त पुस्तिका हो, जसमा मस्जिद नबवीका महत्वपूर्ण फजीलतहरू, यसको जियारतका शिष्टाचारहरू, नबी (सल्लल्लाहु अलैहि वसल्लम) र उहाँका दुई साथीहरूको कब्रको जियारत गर्ने नियमहरू समेटिएका छन्। हामीले यसलाई मस्जिद नबवीका जियारत गर्नेहरूका लागि संकलन गरेका छौं, ताकि तिनीहरू नबी (सल्लल्लाहु अलैहि वसल्लम) को मस्जिदको फजीलत, त्यसको जियारत र त्यहाँ नमाज पढ्ने शिष्टाचारबारे ज्ञान र स्पष्ट बुझाइ राख्न सकून्। यो कार्यलाई

लाभदायक र आफ्नो लागि विशुद्ध बनाउन् भनेर हामी अल्लाहसँग प्रार्थना गर्दछौं। निस्सन्देह, उहाँ नै उहाँ नै हाम्रो दुआ स्वीकार गर्नुहुन्छ र सबैभन्दा उदार हुनुहुन्छ।

वैज्ञानिक समिति

पहिलो: मास्जिद नबवीका फजीलतहरू

अल्लाहले भन्नुभएको छ:

﴿وَرَبُّكَ يَخۡلُقُ مَا يَشَآءُ وَيَخۡتَارُۗ مَا كَانَ لَهُمُ ٱلۡخِيَرَةُۚ سُبۡحَٰنَ ٱللَّهِ وَتَعَٰلَىٰ عَمَّا يُشۡرِكُونَ ٦٨﴾

"तिम्रो पालनकर्ताले जे चाहनुहुन्छ सृष्टि गर्नुहुन्छ र जसलाई चाहनुहुन्छ रोज्नुहुन्छ। उनीहरूमध्ये कसैलाई कुनै अधिकार छैन। अल्लाह पवित्र हुनुहुन्छ र उहाँ तिनीहरूले साझेदार ठहराएका कुराहरूभन्दा उच्च हुनुहुन्छ।" [अल् कससः ६८] अल्लाहले यो ठाउँलाई आफ्नो नबी (सल्लल्लाहु अलैहि वसल्लम) को लागि मस्जिदको रूपमा रोज्नुभयो र यसमा धेरै गुणहरू प्रदान गर्नुभयो, जसमध्ये केही यस्ता छन्:

यो तीन मस्जिदहरूमध्ये एक हो जहाँ मानिसहरू तीर्थयात्राका लागि यात्रा गर्छन्:

अबू हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«لَا تُشَدُّ الرِّحَالُ إِلَّا إِلَى ثَلَاثَةِ مَسَاجِدَ: مَسْجِدِي هَذَا، وَمَسْجِدِ الحَرَامِ، وَمَسْجِدِ الأَقْصَى».

"तीन मस्जिदहरू बाहेक अन्य कुनै स्थानतर्फ (इबादतका लागि) विशेष यात्रा गरिँदैन: यो मेरो मस्जिद, मस्जिदुल हराम र मस्जिदुल अक्सा।"[1]

यसमा पढिएको एक नमाज, मस्जिद हरम बाहेक अन्य मस्जिदहरूमा पढिएको एक हजार नमाज भन्दा उत्तम हो:

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«صَلَاةٌ فِي مَسْجِدِي هَذَا خَيْرٌ مِنْ أَلْفِ صَلَاةٍ فِيمَا سِوَاهُ، إِلَّا المَسْجِدَ الحَرَامَ».

"मेरो यो मस्जिदमा पढिएको एक नमाज, मस्जिद हरम (मक्का) बाहेक अन्य मस्जिदहरूमा पढिएको एक हजार नमाज भन्दा उत्तम हो।"[2]

यो त्यो मस्जिद हो जुन पहिलो दिनदेखि नै तक्वा (अल्लाहको भय/भक्ति) मा आधारित भएर स्थापना गरिएको हो:

अबू सईद अल-खुद्री (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, उनले भने: "रसूल (सल्लल्लाहु अलैहि वसल्लम) आफ्नो कुनै पत्नीको घरमा

[1] यो हदीसलाई इमाम बुखारीले (११८९) नम्बर र इमाम मुस्लिमले (१३९७) नम्बरमा वर्णन गरेका छन् र शब्दहरू मुस्लिमका हुन्।

[2] यो हदीसलाई इमाम बुखारीले (११९०) नम्बर र इमाम मुस्लिमले (१३९५) नम्बरमा वर्णन गरेका छन् र शब्दहरू बुखारीका हुन्।

हुँदा म उहाँकहाँ प्रवेश गरेँ र सोधें: 'हे अल्लाहका रसूल! ती दुई मस्जिदहरूमध्ये कुनचाहिं तक्वामा आधारित भएर स्थापना गरिएको हो?'

उहाँले साना ढुंगाहरू हातमा लिएर जमिनमा प्रहार गर्नुभयो र भन्नुभयो:

«هُوَ مَسْجِدُكُمْ هَذَا» لِمَسْجِدِ المَدِينَةِ.

"यो तिमीहरूको यही मस्जिद हो।" अर्थात् मस्जिद नबवी[1]

यस (मस्जिद नबवी) मा ज्ञानको खोजी गर्ने व्यक्तिको अज्र (सवाब) अल्लाहको मार्गमा जिहाद गर्ने व्यक्ति सरह हो:

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, उहाँले भन्नुभयो:

«مَنْ جَاءَ مَسْجِدِي هَذَا، لَمْ يَأْتِهِ إِلَّا لِخَيْرٍ يَتَعَلَّمُهُ أَوْ يُعَلِّمُهُ، فَهُوَ بِمَنْزِلَةِ المُجَاهِدِ فِي سَبِيلِ اللهِ، وَمَنْ جَاءَ لِغَيْرِ ذَلِكَ، فَهُوَ بِمَنْزِلَةِ الرَّجُلِ يَنْظُرُ إِلَى مَتَاعِ غَيْرِهِ».

"जो मेरो यो मस्जिदमा केवल कुनै भलाइ सिक्न वा सिकाउन आउँछ, ऊ अल्लाहको मार्गमा जिहाद गर्ने व्यक्ति सरह हो। तर जो अरू कारणले आउँछ, ऊ अरूको सामान हेर्ने व्यक्ति सरह हो।"[2]

यसैमा रौजा शरीफह (रियादतुल-जन्नत) रहेको छ:

---

[1] (मुस्लिम: १३९८)

[2] यो हदीसलाई इब्ने माजाले (२२७) नम्बरमा सही सनदका साथ वर्णन गरेका छन्।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो:

«مَا بَيْنَ بَيْتِي وَمِنْبَرِي رَوْضَةٌ مِنْ رِيَاضِ الجَنَّةِ، وَمِنْبَرِي عَلَى حَوْضِي».

"मेरो घर र मेरो मिम्बरको बीचमा स्वर्गका बगैंचाहरूमध्ये एक बगैंचा छ र मेरो मिम्बर मेरो हौजमाथि छ।"[1]

दोस्रो: मस्जिद नबवीको जियारत (दर्शन) गर्नु मुस्तहब हो

यी फजीलतहरू र अन्य कारणहरूले गर्दा मस्जिद नबवीमा नमाज पढ्न र इबादत गर्न जियारत गर्नु मुस्तहब हो।

- हाजी र अन्य व्यक्तिहरूका लागि हज गर्नु अघि वा पछि नबीको मस्जिदको जियारत गर्नु सुन्नत हो। तर यो जियारत हजका शर्तहरू, स्तम्भहरू वा अनिवार्यहरूसँग सम्बन्धित छैन। बरू हजसँग यसको कुनै सम्बन्ध छैन।

- नबी (सल्लल्लाहु अलैहि वसल्लम) को मस्जिद जियारत गर्न कुनै निश्चित नमाजको संख्या वा मदीनामा निश्चित समय बस्नुपर्ने आवश्यकता छैन। यो एक नमाजले पनि पूरा हुन्छ, चाहे त्यो फरज होस् वा नफिला। तर त्यहाँ बढी नमाज पढ्दा अज्र (सवाब) पनि बढ्छ।

- मस्जिद नबवीको जियारत गर्नेले त्यसमा सबै फर्ज र नफिल नमाजहरू पढ्नु मुस्तहब हो; किनकि यसमा पढिएको नमाज अन्य

[1] यो हदीसलाई इमाम बुखारीले (११९५) नम्बर र इमाम मुस्लिमले (१३९०) नम्बरमा वर्णन गरेका छन्।

स्थानमा पढिएको हजार नमाजभन्दा उत्तम हुन्छ, मस्जिदुल हराम बाहेक।

तेस्रो: मस्जिद नबवीको जियारत गर्ने शिष्टाचारहरू

जब कुनै मुस्लिम मस्जिद नबवीमा आउँछ, तब उसले सामान्य मस्जिदहरूका लागि निर्धारित शरई शिष्टाचारहरू र विशेष गरी मस्जिद नबवीसँग सम्बन्धित शरई शिष्टाचारहरू अपनाउनु मुस्तहब हो, जुन यस प्रकार छन्:

मस्जिदमा शान्ति, मर्यादा, पवित्रता, राम्रो लुगा र मिठो बास्नाका साथ आउनुपर्छ। अबू हुरैरह रजियल्लाहु अन्हुले वर्णन गरेका छन्, नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो:

«إِذَا ثُوِّبَ لِلصَّلَاةِ فَلَا تَأْتُوهَا وَأَنْتُمْ تَسْعَوْنَ، وَأْتُوهَا وَعَلَيْكُمُ السَّكِينَةُ، فَمَا أَدْرَكْتُمْ فَصَلُّوا، وَمَا فَاتَكُمْ فَأَتِمُّوا، فَإِنَّ أَحَدَكُمْ إِذَا كَانَ يَعْمِدُ إِلَى الصَّلَاةِ فَهُوَ فِي صَلَاةٍ».

"जब नमाजको लागि इकामत भनिन्छ, तब दौडेर नआऊ, बरु शान्ति र मर्यादाका साथ आऊ। जे मिल्छ त्यो नमाज पढ र जे छुट्छ त्यो पूरा गर। निश्चय नै जब कोही नमाजतर्फ जान्छ, ऊ नमाजकै अवस्थामा हुन्छ।"[1] अबू-सईद अल्-खुदरी (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

[1] यो हदीसलाई इमाम बुखारीले (६३६) नम्बर र इमाम मुस्लिमले (६०२) नम्बरमा वर्णन गरेका छन्।

«الغُسْلُ يَوْمَ الجُمُعَةِ وَاجِبٌ عَلَى كُلِّ مُحْتَلِمٍ، وَأَنْ يَسْتَنَّ، وَأَنْ يَمَسَّ طِيبًا إِنْ وَجَدَ».

"प्रत्येक वयस्कले शुक्रबारको दिन स्नान गर्नु अनिवार्य हो, साथै दाँत माझ्नु र सम्भव भएमा अत्तर लगाउनु मुस्तहब हो।"[1] यदि महिला मस्जिदमा आउँछिन् भने, उनले हिजाब लगाएर पूर्ण पर्दामा आउनु अनिवार्य हो। उनलाई अत्तर वा सुगन्ध लगाउन अनुमति छैन; किनकि नबी (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ:

«إِذَا شَهِدَتْ إِحْدَاكُنَّ المَسْجِدَ فَلَا تَمَسَّ طِيبًا».

"जब तिमीहरूमध्ये कुनै महिला मस्जिदमा आउँछिन्, तब उनले सुगन्ध (अत्तर) प्रयोग गर्नु हुँदैन।"[2]

मस्जिद नबवीमा प्रवेश गर्दा दायाँ खुट्टा अगाडि बढाउनु र मस्जिदमा प्रवेश गर्ने दुआ पढ्नु। आगन्तुकले अन्य मस्जिदहरू जस्तै यहाँ प्रवेश गर्दा दायाँ खुट्टा भित्र राख्नु र निम्न दुआ पढ्नु मुस्तहब हो:

«بِسْمِ اللَّهِ، وَالسَّلَامُ عَلَى رَسُولِ اللَّهِ، اللَّهُمَّ اغْفِرْ لِي ذُنُوبِي وَافْتَحْ لِي أَبْوَابَ رَحْمَتِكَ».

«बिस्मिल्लाहि, वस्-सलामु अला रसूलिल्लाहि, अल्लाहुम्मग्-फिर्ली जुनूबी वफ्तह ली अब्वाब रहमतिक।»

[1] यो हदीसलाई इमाम बुखारीले (८४६) नम्बर र इमाम मुस्लिमले (८५८) नम्बरमा वर्णन गरेका छन्। मुहतलिम भनेको बालिग हो।

[2] (मुस्लिम: ४४३)

अर्थः बिस्मिल्लाह, रसूलुमाथि शान्ति होस्। हे अल्लाह! मेरा पापहरू क्षमा गर्नुहोस् र मेरो लागि आफ्नो दयाका ढोकाहरू खोलदिनु होस्।[1] यो पनि थप्न सकिन्छ:

«أَعُوذُ بِاللَّهِ العَظِيمِ، وَبِوَجْهِهِ الكَرِيمِ، وَسُلْطَانِهِ القَدِيمِ، مِنَ الشَّيْطَانِ الرَّجِيمِ».

«अऊजु बिल्लाहिल् अजीम, व बिवज्-हिहिल् करीम, व सुल्तानिहिल् कदीम, मिनश्शैतानिर्रजीम।»

अर्थ: "म महान अल्लाह, उहाँको गरिमामय अनुहार र सनातन सत्ता मार्फत श्रापित शैतानबाट शरण चाहन्छु।"[2]

तहियतुल-मस्जिद पढ्नु: मस्जिद नबवीमा नमाज पढ्नका लागि प्रवेश गर्ने व्यक्तिले बस्नु अघि दुई रकात तहियतुल-मस्जिद पढ्नु सुन्नत हो, किनकि अबी कतादा अल-हारिस बिन रिब्इ अल-अन्सारी (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन् नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो:

«إِذَا دَخَلَ أَحَدُكُمُ المَسْجِدَ، فَلَا يَجْلِسْ حَتَّى يُصَلِّيَ رَكْعَتَيْنِ».

"जब तिमीहरूमध्ये कोही मस्जिदमा प्रवेश गर्छ, तब उसले बस्नु अघि दुई रकअत नमाज पढ्नु पर्छ।"[3]

---

[1] इब्ने माजा: (७७१) र यसको सनद सही छ।

[2] यसलाई अबू दाऊदले (४६६) नम्बरमा सहीह सनदका साथ वर्णन गरेका छन्।

[3] यो हदीसलाई इमाम बुखारीले (११७१) नम्बर र इमाम मुस्लिमले (७१४) नम्बरमा वर्णन गरेका छन्।

अगाडिको पङ्क्तिमा नमाज पढ्न ध्यान दिनुहोस्; किनभने त्यसमा ठूलो पुण्य छ र यो केवल समयमै पुगेर अगाडि पंक्तिमा बस्न सम्भव हुन्छ। अबू हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूलुल्लाह (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभयो:

«لَوْ يَعْلَمُ النَّاسُ مَا فِي النِّدَاءِ وَالصَّفِّ الأَوَّلِ، ثُمَّ لَمْ يَجِدُوا إِلَّا أَنْ يَسْتَهِمُوا عَلَيْهِ لَاسْتَهَمُوا».

"यदि मानिसहरूले अजान र पहिलो पंक्तिको महत्त्व थाहा पाएको भए र त्यसलाई प्राप्त गर्न चिठ्ठा हाल्नु बाहेक अर्को उपाय नभए, उनीहरूले चिठ्ठा नै हाल्थे।"[1] किनभने नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्ना सहाबीहरू (रजियल्लाहु अन्हुम) लाई भन्नुभएको छ:

«تَقَدَّمُوا فَأْتَمُّوا بِي، وَلْيَأْتَمَّ بِكُمْ مَنْ بَعْدَكُمْ، لَا يَزَالُ قَوْمٌ يَتَأَخَّرُونَ حَتَّى يُؤَخِّرَهُمُ اللهُ».

“अगाडि सर्नुहोस् र मेरो अनुकरण गर्नुहोस्। पछाडी हुनेहरूले तिमीहरूको अनुसरण गर्नेछन्। केही मानिसहरू सधैं पछाडि रहन्छन्, यहाँसम्म अल्लाहले तिनीहरूलाई पछाडी पारदिनुहुन्छ।”[2]

[1] यो हदीसलाई इमाम बुखारीले (६१५) नम्बर र इमाम मुस्लिमले (४३७) नम्बरमा वर्णन गरेका छन्।

[2] (मुस्लिम : ४३८)

महिलाहरूका लागि पछिल्ला पङ्क्तिहरूमा नमाज पढ्नु र पुरुषहरूबाट टाढा रहनु नै उत्तम हो। अबू हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो:

«خَيْرُ صُفُوفِ الرِّجَالِ أَوَّلُهَا، وَشَرُّهَا آخِرُهَا، وَخَيْرُ صُفُوفِ النِّسَاءِ آخِرُهَا، وَشَرُّهَا أَوَّلُهَا».

"पुरुषहरूको लागि सबैभन्दा राम्रो सफ (पंक्ति) पहिलो हो र सबैभन्दा खराब अन्तिम हो। महिलाहरूका लागि सबैभन्दा राम्रो सफ अन्तिम हो र सबैभन्दा खराब पहिलो हो।"[1] तर यदि महिलाहरू अलग्गै नमाज पढ्छन् वा उनीहरू र पुरुषहरूबीच कुनै पर्दा (अवरोध) छ, जस्तै मस्जिद नबवीमा हुन्छ, त्यस अवस्थामा उनीहरूको लागि पहिलो सफ नै उत्तम हुन्छ, किनकि पछाडि बस्नुपर्ने कारण समाप्त भइसकेको हुन्छ।

इमामको पछाडि नमाज पढ्नु र इमामभन्दा अगाडि नबढ्नु; अबू हुरैरह (रजियल्लाहु अन्हु) को हदीसमा नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«إِنَّمَا جُعِلَ الإِمَامُ لِيُؤْتَمَّ بِهِ».

"इमामलाई यस कारण नियुक्त गरिएको छ ताकि उनको अनुसरण गरियोस्।"[2]

---

[1] (मुस्लिम: ४४०)

[2] यो हदीसलाई इमाम बुखारीले (७२२) नम्बर र इमाम मुस्लिमले (४१७) नम्बरमा वर्णन गरेका छन्।

नमाज पढ्ने व्यक्तिले इमामको अगाडि उभिनु जायज छैन, तर मस्जिद एकदमै भरिएको बेला र इमामको अगाडि बाहेक अरू ठाउँ नपाएको अवस्थामा मात्र अनुमति छ।

सफ (पंक्ति) हरूका बीचका खाली ठाउँहरू भर्ने र सफहरू सिधा बनाउने कुरामा ध्यान दिनुहोस्। भीडभाड गरेर मानिसहरूलाई कष्ट दिने, उनीहरूलाई नाघेर जाने र नमाजीहरूको अगाडिबाट गुज्रने कार्यबाट सावधान रहनुहोस्, किनकि यसले पाप हुन्छ।

सम्भव छ भने रौजा शरीफमा नमाज पढ्नु उत्तम हो; अबु हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«مَا بَيْنَ بَيْتِي وَمِنْبَرِي رَوْضَةٌ مِنْ رِيَاضِ الجَنَّةِ، وَمِنْبَرِي عَلَى حَوْضِي».

"मेरो घर र मेरो मिम्बरको बीचमा स्वर्गका बगैंचाहरूमध्ये एक बगैंचा छ र मेरो मिम्बर मेरो हौजमाथि छ।"[1]

रियाजुल-जन्नहमा सलाह पढ्नुको कुनै विशेष सद्गुण उल्लेख गरिएको छैन, तर यो जन्नतको बगैँचाहरूमध्ये एक हो भनेर प्रमाणित छ जसरी अबू हुरैरह (रजियल्लाहु अन्हु) को अघिल्लो हदीसले संकेत गर्दछ। त्यसैगरी इबादतहरू आफ्नो समय र स्थानको कारणले पनि विशेष हुन्छन्।

[1] यो हदीसलाई इमाम बुखारीले (११९५) नम्बर र इमाम मुस्लिमले (१३९०) नम्बरमा वर्णन गरेका छन्।

जियारत गर्ने व्यक्तिले रोदामा नमाज पढ्न उपयुक्त समय छनोट गर्नुपर्छ र भीड कम हुने समय खोज्नुपर्छ। त्यहाँ सलाह पढ्नका लागि आफ्ना मुस्लिम दाजुभाइहरूलाई धक्का दिनु, मानिसहरूलाई नाघेर जानु वा नमाज पढिरहेकाहरूको अगाडिबाट हिँड्नु जायज छैन। किनकि रौजामा सलाह पढ्नु नफिल हो र निषिद्ध (हराम) कार्यद्वारा त्यो प्राप्त गर्नु हुँदैन। साथै, जियारत गर्ने व्यक्तिले रौजामा प्रवेश गर्नका लागि बनाइएका नियम र व्यवस्थाहरूको पालना गर्नुपर्छ र उपयुक्त समय छनोट गर्नुपर्छ। प्रवेश व्यवस्थापनमा खटिएका व्यक्तिहरूलाई सहयोग गर्नुपर्छ।

आफ्नो सृष्टिकर्ताको असल भक्त बन्न समयको सदुपयोग गर्दै धेरैभन्दा धेरै असल कामहरू गर्नु; जस्तैः नमाज पढ्नु, कुरआन पढ्नु, जिक्र गर्नु, दुआ गर्नु, जिक्र, ज्ञान र कुरआन सिक्ने सभाहरूमा उपस्थित हुनु आदि।

अल्लाहको किताब (कुरआन) को सम्मान गर्नु र त्यसलाई हरेक प्रकारको अनादरबाट जोगाउनु, जस्तै यसको पानाहरूसँग खेलवाड गर्नु, त्यसमा लेख्नु वा त्यसको छेउमा जुत्ता राख्नु वा त्यसलाई भुइँमा राख्नु आदि हुँदैन, किनकि अल्लाह तआलाले भन्नुभएको छ:

﴿ذَٰلِكَ وَمَن يُعَظِّمْ شَعَـٰٓئِرَ ٱللَّهِ فَإِنَّهَا مِن تَقْوَى ٱلْقُلُوبِ﴿٣٢﴾﴾

"जसले अल्लाहका चिन्हहरूको सम्मान गर्छ, वास्तवमा, यो हृदयहरूको पवित्रता हो।" [अल् हज्जः ३२]

अल्लाह अज्ज व जल्लले हराम गर्नुभएका कुराहरूबाट आँखा तल राख्नु: मस्जिद नबवी आउने व्यक्तिले आफ्नो नजर त्यस्ता कुराहरूबाट

हटाउनुपर्छ जुन उसलाई हेर्न अनुमति छैन। उसले यी पवित्र स्थानहरूमा पाप गर्नुको गम्भीरता र त्यसको दण्डको बारेमा जान्नुपर्छ, किनभने पापहरू समय र स्थानको महत्त्व अनुसार ठूलो हुन्छ र असल कर्महरू पनि समय र स्थानको कारणले ठूलो हुन्छ। मुस्लिम महिलाले शरई हिजाबको पालना गर्नुपर्छ र आफ्नो श्रृंगार प्रदर्शन गर्नु हुँदैन, ताकि पुरुषहरू फितना (प्रलोभन) मा नपरून्, किनभने यसले ठूलो पाप निम्त्याउन सक्छ।

मोबाइलमा फोटो खिच्ने वा फोटो/भिडियो हेर्ने काममा व्यस्त हुनुबाट बच्नुपर्छ। यदि ती फोटो वा भिडियोहरू हराम छन् भने यो अझै खतरनाक हुन्छ।

मस्जिद नबवीलाई ती सबै कुराहरूबाट पवित्र राख्नुपर्छ, जुन त्यसलाई शोभा दिंदैन, जस्तैः झै-झगडा, ठूलो स्वरले बोल्नु, हराएको वस्तु खोज्नु, किन-बेच गर्नु र यस्ता अन्य कामहरू जुन न यो मस्जिदमा जायज छ न अन्य मस्जिदहरूमा; किनकि अबू हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो:

«إِذَا رَأَيْتُمْ مَنْ يَبِيعُ أَوْ يَبْتَاعُ فِي المَسْجِدِ، فَقُولُوا: لَا أَرْبَحَ اللَّهُ تِجَارَتَكَ، وَإِذَا رَأَيْتُمْ مَنْ يَنْشُدُ فِيهِ ضَالَّةً، فَقُولُوا: لَا رَدَّ الله عَلَيْكَ».

"यदि तिमीहरूले कसैले मस्जिदमा खरिद बिक्री वा किनमेल गरिरहेको देख्यौ भने भन: अल्लाहले तिम्रो व्यापारमा नाफा नदिऊन् र

यदि तिमीहरूले कसैलाई त्यसमा हराएको वस्तु खोज्दै गरेको देख्यौ भने भन: अल्लाहले तिमीलाई त्यो फिर्ता नगरून्।"[1]

व्यक्तिगत सरसफाइमा ध्यान दिनु र नमाज पढ्ने दाजुभाइहरूलाई असुविधा पुर्याउने लसुन, प्याज, चुरोट, पसिना र अप्रिय गन्धहरूबाट जोगिनु; किनभने जाबिर बिन अब्दुल्लाह (रजिअल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो:

«مَنْ أَكَلَ ثُومًا أَوْ بَصَلًا، فَلْيَعْتَزِلْنَا - أَوْ قَالَ: فَلْيَعْتَزِلْ مَسْجِدَنَا - وَلْيَقْعُدْ فِي بَيْتِهِ».

"जसले लसुन वा प्याज खाएको छ, ऊ हामीबाट टाढा रहोस् वा उहाँले भन्नुभयो: हाम्रो मस्जिदबाट टाढा रहोस् र आफ्नो घरमा बसोस्।"[2]

मस्जिद नबवीको सफाइमा ध्यान दिनु, मस्जिदभित्र र यसको आँगनमा फोहोर नफाल्नु, जस्तैः बाँकी रहेका खानेकुराहरू, विशेष गरी रमजानमा इफ्तारपछि बाँकी खाने कुराहरू तथा मस्जिद भित्रको बाटो र आँगनमा नथुक्नु इत्यादि।

[1] यसलाई तिर्मिजीले (१३२१) नम्बरमा र इब्ने खुजैमहले (१३०५) नम्बरमा सहीह सनदका साथ वर्णन गरेका छन्।

[2] यो हदीसलाई इमाम बुखारीले (७३५९) नम्बर र इमाम मुस्लिमले (५६४) नम्बरमा वर्णन गरेका छन्।

प्रवेशद्वारको छेउछाउ, भित्रको हिँड्ने बाटो र भीडभाड हुने ठाउँहरूमा नमाज पढ्नबाट बच्नुपर्छ, किनकि यसले समस्याहरू निम्त्याउँछ, बाटो अवरुद्ध हुन्छ र मुस्लिमहरूलाई असुविधा हुन्छ।

मस्जिद नबवी भित्र वा त्यसको प्राङ्गणमा पुरुष र महिलाहरूको लागि तोकिएको स्थानमा नमाज पढ्नुपर्छ। पुरुषले महिलाको छेउमा र महिलाले पुरुषको छेउमा नमाज पढ्नु हुँदैन र सकेसम्म इमाम भन्दा अगाडि बढ्नबाट जोगिनुपर्छ।

मस्जिदबाट निस्कँदा देब्रे खुट्टा अगाडि राख्नु र निम्न दुआ पढ्नु:

«اللَّهُمَّ إِنِّي أَسْأَلُكَ مِنْ فَضْلِكَ».

«अल्लाहुम्म इन्नी अस्अलुक मिन फजलिक»

अर्थः हे अल्लाह ! म तपाईंसित तपाईंको कृपा माग्दछु।[1] वा नबी (सल्लल्लाहु अलैहि व सल्लम) माथि दरूद पढ्नु र भन्नुः

«رَبِّ اغْفِرْ لِي ذُنُوبِي، وَافْتَحْ لِي أَبْوَابَ فَضْلِكَ».

«रब्बिग्-फिर्ली जुनूबी, वफ्तह ली अब्वाब फज्लिक।»

अर्थः हे मेरो पालनकर्ता ! मेरा पापहरूलाई क्षमा गरिदिनुहोस् र मेरालागि आफ्नो कृपाका ढोकाहरू खोलिदिनु होस्।[2]

[1] (मुस्लिम: ७१३)

[2] यसलाई इमाम तिर्मिजीले हदीस नं. (३१४) मा सही सनदका साथ वर्णन गरेका छन्।

चौथो: नबी (सल्लल्लाहु अलैहि वसल्लम) को कब्र र उहाँका दुई साथीहरू (रजियल्लाहु अन्हुमा) को कब्रको जियारत गर्ने नियम र शिष्टाचारहरू

नबी (सल्लल्लाहु अलैहि वसल्लम) को कब्र र उहाँका दुई साथीहरू: अबू बक्र र उमर (रजियल्लाहु अन्हुमा) को कब्रको जियारत गर्नु मदीनाका बासिन्दाहरू र त्यहाँ आउने आगन्तुकहरूका लागि मुस्तहब हो; किनकि कब्रहरूको जियारतको वैधतामा सामान्य प्रमाणहरू छन्, जसमध्ये एक नबी (सल्लल्लाहु अलैहि वसल्लम) को यो भनाइ हो:

«نَهَيْتُكُمْ عَنْ زِيَارَةِ القُبُورِ، فَزُورُوهَا».

"मैले तिमीहरूलाई कब्रहरूको जियारत गर्नबाट रोकेको थिएँ, तर अब तिमीहरू जियारत गर।"[1]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) को मृत्यु पश्चात् उहाँमाथि सलाम पठाउनुको श्रेष्ठता यस हदीसले देखाउँछ, जसमा उहाँले भन्नुभएको छ:

«مَا مِنْ أَحَدٍ يُسَلِّمُ عَلَيَّ، إِلَّا رَدَّ اللهُ عَزَّ وَجَلَّ إِلَيَّ رُوحِي حَتَّى أَرُدَّ عَلَيْهِ السَّلَامَ».

[1] (मुस्लिम: ९७७)

"जब कुनै मुस्लिमले मलाई सलाम पठाउँछ, अल्लाहले मेरो आत्मा मलाई फर्काइदिनुहुन्छ, ताकि म उसको सलामको जवाफ दिन सकूँ।"[1]

महिलाहरूका लागि नबी (सल्लल्लाहु अलैहि व सल्लम) को कब्र वा अन्य मुस्लिमहरूको चिहानको जियारत गर्नु जायज होइन। कब्रको जियारत केवल पुरुषहरूको लागि जायज हो र महिलाहरूलाई यसबाट रोकिएको छ, इब्ने अब्बास (रजियल्लाहु अन्हुमा) ले वर्णन गरेका छन्:

«لَعَنَ رَسُولُ اللَّهِ ﷺ زَائِرَاتِ القُبُورِ، وَالمُتَّخِذِينَ عَلَيْهَا المَسَاجِدَ وَالسُّرُجَ».

"रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले चिहानको जियारत गर्ने महिलाहरू, त्यसमाथि मस्जिद बनाउने र त्यहाँ बत्ती (दीप) बाल्नेहरूलाई लानत (धिक्कार) गर्नुभएको छ।"[2] अबू हुरैरह (रजियल्लाहु अन्हुम) ले वर्णन गरेका छन्:

«أَنَّ رَسُولَ اللَّهِ ﷺ لَعَنَ زَوَّارَاتِ القُبُورِ».

"रसूलुल्लाह (सल्लल्लाहु अलैहि वसल्लम) ले चिहानको जियारत गर्ने महिलाहरूलाई लानत (धिक्कार) गर्नुभएको छ।"[3]

---

[1] यसलाई अहमदले आफ्नो "मुस्नद" मा (१०८१५) नम्बरमा वर्णन गरेका छन् र यसको इस्नाद हसन छ।

[2] यसलाई अबू दाऊदले (३२३६) नम्बरमा, तिर्मिजीले (३२०) नम्बरमा र नसाईले (२०४३) नम्बरमा वर्णन गरेका छन्।

[3] यसलाई तिर्मिजीले (१०५६) नम्बरमा र इब्ने माजहले (१५७६) नम्बरमा हसन सनदका साथ वर्णन गरेका छन्।

केवल नबी (सल्लल्लाहु अलैहि वसल्लम) को कब्र (चिहान) को जियारत गर्ने नियतले यात्रा गर्नु जायज छैन, बरु यात्रा गर्दा मस्जिदको जियारत र त्यहाँ नमाज पढ्ने नियत गर्नुपर्छ। जब ऊ मदीनामा पुग्छ, तब उसको लागि कब्रको जियारत गर्नु जायज हुन्छ, जसरी मदीनाका बासिन्दाहरूको लागि छ; किनकि नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«لَا تُشَدُّ الرِّحَالُ إِلَّا إِلَى ثَلَاثَةِ مَسَاجِدَ: مَسْجِدِي هَذَا، وَمَسْجِدِ الحَرَامِ، وَمَسْجِدِ الأَقْصَى».

"तीन मस्जिद बाहेक अन्य कुनै स्थानतर्फ (इबादतका लागि) विशेष यात्रा गरिँदैन: यो मेरो मस्जिद, मस्जिदुल हराम र मस्जिदुल अक्सा।"[1]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) को क्रब्र र उहाँका दुई साथीहरू (रजियल्लाहु अन्हुमा) को कब्रको जियारत गर्ने वैध शिष्टाचारहरू

जियारत गर्ने व्यक्तिले नबी (सल्लल्लाहु अलैहि वसल्लम) को कब्रको अगाडी उभिनु र त्यसपछि उहाँलाई विनम्रता र सानो स्वरमा यसो भन्दै सलाम गर्नु: «अस्सलामु अलैक या रसूलल्लाह, व रहमतुल्लाहि व बरकातुह।» यदि सलाम गर्ने व्यक्तिले आफ्नो सलाममा यसरी भन्छ:

[1] यो हदीसलाई इमाम बुखारीले (११८९) नम्बर र इमाम मुस्लिमले (१३९७) नम्बरमा वर्णन गरेका छन् र शब्दहरू मुस्लिमका हुन्।

«अशहदु अन्नक कद् बल्लग्तर् रिसालह व अद्दैतल् अमानह व नसहतल् उम्मह व जाहद्त फिल्लाहि हक्क जिहादिह।» भने यसमा कुनै आपत्ति छैन, किनकि यी सबै कुराहरू उहाँको हकमा सत्य हुन्।

त्यसपछि दायाँतर्फ एक पाइला सर्नु र अबू बक्र अस्सिद्दीक (रजियल्लाहु अन्हु) को कब्रतर्फ फर्किएर यसो भन्नु: «अस्सलामु अलैक या अबा बक्र अस्सिद्दीक, अस्सलामु अलैक या खलीफत रसूलिल्लाह (सल्लल्लाहु अलैहि वसल्लम), रजियल्लाहु अन्क व अरदाक व जजाक अन्न उम्मति मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) खैरन।»

अर्थ: तपाईंलाई सलाम छ, हे अबू बक्र अस्सिद्दीक! अल्लाह तपाईंसँग प्रसन्न होउन् र तपाईंलाई पनि प्रसन्न गरुन्। तपाईंलाई मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) को उम्मतको तर्फबाट उत्तम बदला प्रदान गरुन्।

त्यसपछि दायाँतर्फ एक पाइला सर्नु अनि उमर बिन खत्ताब (रजियल्लाहु अन्हु) को कब्रतर्फ फर्किएर यसो भन्नु: «अस्सलामु अलैक या उमरल् फारूक, रजियल्लाहु अन्क व अर्जाक, व जजाक अन् उम्मति मुहम्मदिन् सल्लल्लाहु अलैहि व सल्लम खैरन्।»

अर्थ: तपाईंलाई सलाम छ, हे उमर फारूक! अल्लाह तपाईंसँग प्रसन्न होउन् र तपाईंलाई पनि प्रसन्न गरुन्। तपाईंलाई मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) को उम्मतको तर्फबाट उत्तम बदला प्रदान गरुन्।

अब्दुल्लाह बिन उमर (रजियल्लाहु अन्हुमा) जब यात्राबाट फर्किनुहुन्थ्यो, तब उहाँ नबी (सल्लल्लाहु अलैहि वसल्लम) को कब्रमा आएर भन्नुहुन्थ्यो: «अस्सलामु अलैक या रसूलल्लाह, अस्सलामु अलैक या अबा बक्र, अस्सलामु अलैक या अबताह।»

अर्थ: तपाईंलाई सलाम छ, हे अल्लाहका रसूल! तपाईंलाई सलाम छ, हे अबू बक्र! तपाईंलाई सलाम छ, हे मेरा बुबा! त्यसपछि उहाँ फर्कनुहुन्थ्यो। [1]

कब्रको भित्ता वा बार (जाली) लाई छुनु वा चुम्नु हुँदैन:

इमाम मालिक रहिमहुल्लाहले भनेका छन्: नबी (सल्लल्लाहु अलैहि वसल्लम) लाई सलाम गर्दा किब्लातिर नभई कब्रतर्फ फर्केर उभिनुपर्छ र नजिक गएर सलाम गर्नुपर्छ तर कब्रलाई आफ्नो हातले छुनु हुँदैन।"[2]

नबी सल्लल्लाहु अलैहि वसल्लमको कब्रको भित्ता वा बार (जाली) लाई छुनु वा चुम्नु हुँदैन भन्ने कुरामा इमामहरूको सर्वसम्मति रहेको छ।

चिहानमा धेरै बेर उभिनु हुँदैन, बरु सलाम गरेर फर्किनु पर्ने हुन्छ।

[1] यसलाई इमाम बैहकीले आफ्नो सुनने कुब्राको हदीस नं. (१०२७१) मा सहीह सनदका साथ वर्णन गरेका छन्।

[2] (काजी अयाजको अश्-शिफा : २/१९९)

इमाम मालिक रहिमहुल्लाहले भनेका छन्: "म नबी (सल्लल्लाहु अलैहि वसल्लम) को चिहानमा उभिएर दुआ गर्नुलाई उचित ठान्दिनँ, बरु सलाम गरेर अघि बढ्नुपर्छ।"[1]

नाफेअ रहिमहुल्लाहले भनेका छन्: "अब्दुल्लाह बिन उमरले कब्रमा सलाम गर्थे... मैले उहाँलाई सय पटकभन्दा बढी देखेको छु, उहाँ कब्रमा आएर भन्नुहुन्थ्यो: "नबी (सल्लल्लाहु अलैहि व सल्लम) लाई सलाम छ। अबू बक्रलाई सलाम छ। मेरा बुबालाई सलाम छ।" यति भनेपछि उनी फर्कन्थे।"[2]

केही आगन्तुकहरूले उहाँको कब्रमा गएर ठूलो स्वरमा बोल्नु र त्यहाँ लामो समयसम्म उभिरहनु, त्यो शरियत विरुद्ध हो।

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) वा अन्य कुनै मानिसलाई लाभ प्राप्त गर्न वा हानि हटाउन वा आवश्यकता पूरा गर्न वा संकट टार्न वा बिरामी निको पार्न वा शफाअत (मध्यस्थता) माग्न वा यातनाबाट मुक्ति माग्न वा यस्तै अन्य दुआहरू गर्न जायज छैन, किनकि अल्लाह बाहेक अरूसँग त्यस्ता कुराहरू माग्नु हराम र ठूलो शिर्क हो। अल्लाहले भन्नुभएको छ:

﴿وَقَالَ رَبُّكُمُ ٱدۡعُونِيٓ أَسۡتَجِبۡ لَكُمۡۚ إِنَّ ٱلَّذِينَ يَسۡتَكۡبِرُونَ عَنۡ عِبَادَتِي سَيَدۡخُلُونَ جَهَنَّمَ دَاخِرِينَ ٦٠﴾

[1] (काजी अयाजको अश्-शिफा : २/१९९)

[2] यसलाई अल-आजुरीले किताब अश-शरीअहमा (५/२३७४), (१८५३) नम्बरमा वर्णन गरेका छन्।

"तिम्रो पालनकर्ताले भन्नुहुन्छ, "मलाई पुकार, म तिम्रो पुकार सुन्नेछु। निश्चय नै जो मेरो इबादतबाट अहंकार गर्छन्, तिनीहरू अपमानित भएर नर्कमा प्रवेश गर्नेछन्।" [गाफिर: ६०] अल्लाहले भन्नुभएको छ:

﴿إِنَّ ٱلَّذِينَ تَدۡعُونَ مِن دُونِ ٱللَّهِ عِبَادٌ أَمۡثَالُكُمۡۖ فَٱدۡعُوهُمۡ فَلۡيَسۡتَجِيبُواْ لَكُمۡ إِن كُنتُمۡ صَٰدِقِينَ ١٩٤﴾

"निश्चय नै तिमीहरूले अल्लाह बाहेक जसलाई पुकार्छौं, तिनीहरू पनि तिमीहरू जस्ता सेवक मात्र हुन्। त्यसैले तिनीहरूलाई पुकार र उनीहरूले तिमीहरूको पुकारको उत्तर दिऊन्, यदि तिमीहरू सत्यवादी हौ भने।" [अल् अअराफः १९४] अल्लाहले भन्नुभएको छः

﴿وَأَنَّ ٱلۡمَسَٰجِدَ لِلَّهِ فَلَا تَدۡعُواْ مَعَ ٱللَّهِ أَحَدٗا ١٨﴾

"मस्जिदहरू अल्लाहका लागि हुन्, त्यसैले अल्लाहको साथमा अरु कसैलाई नपुकार।" [अल-जिन्न : १८]

चिहानमा अल्लाहलाई दुआ गर्नु हुँदैन। यदि कसैले दुआ गर्न चाहन्छ भने, चिहानबाट अगाडि बढेर किब्लातिर फर्केर प्रार्थना गर्नुपर्छ। चिहानतिर फर्केर प्रार्थना गर्नु हुँदैन।

इमाम मालिक (रहिमहुल्लाह) ले भनेका छन्: "नबी (सल्लल्लाहु अलैहि वसल्लम) को चिहान अगाडि उभिएर दुआ गर्नुलाई म उचित ठान्दिनँ।"

मस्जिदमा प्रवेश गर्दा वा बाहिर निस्कँदा कब्रमा बारम्बार जाने प्रचलन जायज छैन, चाहे त्यो मदिनाका बासिन्दा होस् वा बाहिरी आगन्तुक, किनकि यसो गर्दा कब्रलाई ईद (उत्सव) जस्तो मान्ने प्रवृत्ति निम्त्याउन सक्ने खतरा हुन्छ।

अल्लाहका सूल (सल्लल्लाहु अलैहि वसल्लम) ले यसलाई निषेध गर्दै भन्नुभएको छ:

«لَا تَتَّخِذُوا قَبْرِي عِيدًا، وَلَا تَجْعَلُوا بُيُوتَكُمْ قُبُورًا، وَحَيْثُمَا كُنْتُمْ فَصَلُّوا عَلَيَّ، فَإِنَّ صَلَاتَكُمْ تَبْلُغُنِي».

«मेरो कब्रलाई उत्सव (मेला) स्थल नबनाऊ, आफ्ना घरलाई कब्र नबनाऊ। तिमीहरू जहाँ भए पनि ममाथि दरूद सलाम पठाऊ, निश्चय नै तिमीहरूको दरूद सलाम मलाई पुग्छ।»[1]

"मेरो चिहानलाई उत्सव (मेला) स्थल नबनाऊ" को अर्थ होः कुनै निश्चित समय वा अवस्थामा बारम्बार त्यहाँ जानु, जस्तै हरेक दिन, हरेक हप्ता वा हरेक महिना विशेष रूपमा जियारत गर्नु वा कुनै निश्चित अवस्थामा भ्रमण गर्नु हुँदैन। यसको अर्को अर्थ: यसलाई भेला हुने उत्सव (मेला) को स्थल नबनाऊ।[2]

---

[1] यसलाई अहमदले "मुस्नद" मा (८८०४) नम्बरमा वर्णन गरेका छन् र यसको इस्नाद 'हसन' हो।

[2] हेर्नुहोस्: अल-मुफरदात लिल-रागिब अल-अस्फहानी (पृ: ५९४) र शरहुस-सुदूर बितहरीमि रफइल-कुबूर लिश-शौकानी (पृ: १६)।

इमाम मालिक रहिमहुल्लाहले भनेका छन्: "मस्जिदमा प्रवेश गर्ने र बाहिर निस्कने मदिनाका बासिन्दाहरूका लागि कब्रमा उभिनु अनिवार्य छैन; यो केवल बाहिरी आगन्तुकका लागि हो।"[1]

उहाँ (रहिमहुल्लाह) को भनाइः "यो केवल आगन्तुकहरूको लागि हो": अर्थात् सामान्य जियारत हो, प्रवेश गर्दा र बाहिर निस्कँदा बारम्बार जियारत गर्नु होइन।

चिहानको अगाडि सलाह पढ्ने व्यक्तिले झैँ आफ्नो एउटा हात अर्कोमाथि छाती वा त्यसको मुनि राखेर उभिनु हुँदैन; किनभने यो विधि विशेष गरी सलाहको लागि हो र यो समर्पण र नम्रताको प्रतीक हो, जुन केवल अल्लाहको लागि अपनाउनु पर्छ।

टाढाबाट नबी (सल्लल्लाहु अलैहि वसल्लम) को कब्रतर्फ अनुहार गरेर सलाम पठाउनु हुँदैन, जस्तो केही मानिसहरूले गर्छन्; किनभने यस्तो कार्य सहाबा, चार प्रसिद्ध इमामहरू वा अन्य कुनै धर्मी पूर्वजहरूले गरेनन्।

कुनै पनि दिशाबाट सम्मानित चिहानतिर फर्केर दुआ गर्नु वा कुरआनको तिलावत गर्नु वा त्यस्तै अन्य काम गर्नु हुँदैन, किनभने यो धर्ममा थपिएका नयाँ कुराहरू (बिदअत) हुन्। मुस्लिमले अल्लाहले अनुमति नदिएको कुनै पनि कुरा आफ्नो धर्ममा थप्न अनुमति छैन। इमाम मलिकले यस्तै कार्यहरूको निन्दा गर्दै भनेका छन्: "यस उम्मतको

[1] (काजी अयाजको अश्-शिफा: २/२०४ र अल्-मदखल लिब्न अल्-हाज: १/२६२)

पछिल्लो पुस्ता त्यसै कुराले मात्र सुध्रिनेछ, जसले यसको पहिलो पुस्तालाई सुधारेको थियो।"[1]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) माथि सलाम पठाउँदा फोटो खिच्ने वा प्रत्यक्ष प्रसारण (लाइभ) गर्ने काममा व्यस्त हुनु हुँदैन।

अल्लाहको दया र शान्ति अवतरित होस् हाम्रो नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) माथि, उहाँका घरपरिवार र समस्त साथीहरूमाथि।

❋❋❋

[1] (मजमू फतावा इब्न बाज (१६/ ११०)

विषयसूची

मस्जिद नबवीको विशेषता र शिष्टाचार तथा नबी (सल्लल्लाहु अलैहि वसल्लम) को कब्र र उहाँका दुई सहाबा (रजियल्लाहु अन्हुमा) हरूको कब्रको जियारत गर्ने नियमहरू..... 2

प्रस्तावना..... 2

पहिलो: मास्जिद नबवीका फजीलतहरू 3

दोस्रो: मस्जिद नबवीको जियारत (दर्शन) गर्नु मुस्तहब हो..... 6

तेस्रो: मस्जिद नबवीको जियारत गर्ने शिष्टाचारहरू 7

चौथो: नबी (सल्लल्लाहु अलैहि वसल्लम) को कब्र र उहाँका दुई साथीहरू (रजियल्लाहु अन्हुमा) को कब्रको जियारत गर्ने नियम र शिष्टाचारहरू 17

❋❋❋

ne492v1.0 - 02/11/2026

رئاسة الشؤون الدينية بالمسجد الحرام والمسجد النبوي

حرمين

رسالة الحرمين

Message of The Two Holy Mosques

Guidance content for the visitors of the Holy Mosque and the Prophet's Mosque in languages